**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

२०७५/०७६ सालको निर्णय नं. १९२

पुनरावेदन नं. ०७५-RB-००२१

**मुद्दाः-<u>आयकर(२०७२/०७३)।</u>**

| | |
|---|---|
| काठमाडौ जिल्ला का.म.न.पा.वडा नं.२५ घर नं.१०/४६४ स्थित स्थायी लेखा नं. ३०००९१०८३ का अन्सार ब्रदर्सको तर्फबाट ऐ.ऐ.बस्ने मोहमद हसन अन्सारी ..........................................................................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| साविक करदाता सेवा कार्यालय, हाल आन्तरिक राजस्व कार्यालय ठमेल, काठमाडौ.........................................................................१<br>आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौ ................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री शिव प्रसाद पौडेल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

**<u>शुरु निर्णय गर्ने कार्यालयः श्री करदाता सेवा कार्यालय, ठमेल काठमाडौ ।</u>**

शुरु निर्णय गर्ने पदाधिकारीः –प्रमुख कर अधिकृत मुकुन्द पोखरेल

शुरु निर्णय मितिः २०७४/०६/०८

**<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५।०२।१०

यसमा करदाता सेवा कार्यालय, ठमेल, काठमाडौ समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. अन्सार ब्रदर्सले आ.व. २०७२/०७३ को आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.५,७२,५५९/०६ (पाँच लाख बहत्तर हजार पाँच सय उनान्साठी रुपैया छ पैसा) मात्र कायम गरी करदाता सेवा कार्यालय ठमेलमा मिति २०७३/०९/२४ मा विवरण पेश गरेको।

२. प्रस्तुत करदाताको आ.व. २०७२।०७३ को आय विवरण साथ संलग्न कागजातहरु र अन्य प्रमाणहरुको अध्ययन, छानविन तथा पेश हुन आएको कर परिक्षण प्रतिवेदन सकेतको आधारमा आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नु पर्ने आय समावेश नभएको/ कट्टी गर्न नपाउने खर्चहरु दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर योग्य आय कायम कायम गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) र ९०(८) बमोजिम करदाता सेवा कार्यालय, ठमेलबाट करदाताको नाममा मिति २०७४/०५/१९ मा सूचना जारी भएको ।

३. करदाता सेवा कार्यालय, ठमेलबाट मिति २०७४/०५/१९ मा जारी भएको सूचना करदाताले मिति २०७४/०५/२५ मा बुझी लिइ सूचनाको जवाफ मिति २०७४/०६/०८ मा पेश गरेको ।

४. प्रस्तुत करदाताले जवाफमा फर्मले कुनै कम्पनीबाट कुनै सामान आयात नगरेकोले कर निर्धारण कानुन संगत नभएको भने तापनी कुनै प्रमाण पेश नगरेको साथै आन्तरिक राजस्व विभागको **Portel System** को **ASYCUDA** विवरण तथा भैरहवा भन्सार कार्यालयको पत्रबाट सो प्रज्ञापनपत्र सोही फर्मको नाउँमा जारी भएको पुष्टयाई भएकोले करयोग्य आय रु.९,३५,५६८/९४(नौ लाख पैतिस हजार पाँच सय अठसट्ठी रुपैया चौरान्नब्बे पैसा) कायम गरी आयकर ऐन २०५८ को दफा ११७,११८,११९ र १२० बमोजिम व्याज र शुल्क समेत गणना गर्ने भन्ने समेत व्यहोराको करदाता सेवा कार्यालय, ठमेल, काठमाडौबाट मिति २०७४/०६/०८ मा भएको निर्णय पर्चा ।

५. करदाता सेवा कार्यालय, ठमेलले मिति २०७४/०६/०८ मा गरेको आ.व. २०७२/०७३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी अन्सार ब्रदर्सले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०९/२६ मा आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा करदाता सेवा कार्यालयको कर निर्धारण आदेश कानूनसम्मत भएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७५/२/१० को निर्णय ।

६. म कपडाको थोक व्यापारी हुँ । मेरो नाममा आएको मिति २०७२/१०/२८ को प्रज्ञापनपत्र नं.२१०५३ को सम्बन्धमा मैले मौखिक जानकारी पाएको हुँ । उक्त प्रज्ञापनपत्र नभरेको र सो प्रज्ञापनपत्र बमोजिम मैले सामान नमगाएको सो सम्बन्धमा मैले भन्सार छुटाउने एजेन्ट नियुक्त नगरेको समान समेत नबुझेको हुँदा उक्त प्रज्ञापन नं.२१०५३ को हदसम्म करदाता सेवा कार्यालयको मिति २०७४/६/८ को संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७५/२/१० को निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराको करदाता अन्सार ब्रदर्सको तर्फबाट मिति २०७५/०५/०३ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०६/१६ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

८. नियम बमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक अन्सार ब्रदर्सको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री शिव प्रसाद पौडेलले अन्सार ब्रदर्सको तर्फबाट भन्सार एजेन्ट नियुक्ती नगरेको, कुनै सामान नमगाएको तथा सामान नबुझेको हुँदा शुरु कार्यालयले आयकर लगाउने गरी भएको निर्णय र सो लाइ सदर गरेको आन्तरिक राजस्व विभागको निर्णय सच्याइ पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

९. त्यसैगरी प्रत्यर्थी करदाता सेवा ठमेल, काठमाडौं समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले करदाता अन्सार ब्रदर्सले आयात गरेको मोलको लाग्ने भन्सार कर तिरी सकेपछी आएको सामान खातामा ईन्ट्रि गर्ने क्रममा खरिद खाता र विक्री खातामा नजनाएको कारण कर छली गर्ने उद्धेश्य रहेको प्रष्ट हुन्छ तसर्थ प्रत्यर्थी कार्यालयको निर्णय कानूनसम्मत नै हुँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

१०. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धानहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा यसमा शुरु करदाता सेवा कार्यालय ठमेलको निर्णय तथा सोलाई समर्थन गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भनी निर्णय दिनुपर्ने देखिन आयो ।

११. निर्णय तर्फ विचार गर्दा पुनरावेदक करदाता अन्सार ब्रदर्शले प्रज्ञापन पत्र नं.२१०५३ बाट सामान पैठारी नगरेको हुँदा उक्त प्रज्ञापनपत्र नं. बमोजिमको हदसम्मको करयोग्य आय कायम गरी कर निर्धारण गर्ने गरी भएको निर्णय बदर गरी पाउँ भन्ने पुनरावेदन जिकिर लिएको देखियो ।

१२. अब करदाताले जिकिर लिए बमोजिम प्रज्ञापनपत्र नं.२१०५३ बाट करदाताले प्रज्ञापनपत्रमा उल्लेखित सामान पैठारी गरे नगरेको सम्बन्धमा हेर्दा आन्तरिक राजस्व विभागको Portal System को ASYCUDA Detail बाट प्रज्ञापन पत्र नं.२१०५३ बाट मिति २०७२/१०/२८ मा भैरहवा भन्सार कार्यालयबाट विभिन्न सामान पैठारी भएको भन्ने व्यहोरा करदाता सेवा कार्यालय ठमेलबाट भैरहवा भन्सार कार्यालयमा उक्त प्रज्ञापनपत्रबाट उल्लेखित सामान आए नआएको के हो भनी लेखी पठाएकोमा उक्त कार्यालयबाट स्थायी लेखा नं.३०००९१०८३ भएका अन्सार ब्रदर्शको नाममा प्रज्ञापनपत्र नं.२१०५३ मिति २०७२/१०/२८ मा जारी भएको भनी जवाफ पठाएबाट पुष्टी हुन आयो । साथै, प्रज्ञापन पत्र नं.२१०५३ बाट पैठारी गरेको मालबस्तु २०७२/१०/२८ मा एजेन्ट नं. ०१८ C.S.F. Communication मेची नगरपालिका -१० ले अन्सार ब्रदर्श मांस गल्ली स्थायी लेखा नं.३०००९१०८३ को नाममा अन्य रेशा कडाई साडी समेतका मालबस्तु जाँचपास गरी लगेको भनी भैरहवा भन्सार कार्यालयबाट च.नं.१९५४ मिति २०७६/०२/०१ मा लेखी पठाएको समेत देखिँदा प्रज्ञापन पत्र नं.२१०५३ पुनरावेदक करदाता अन्सार ब्रदर्शको नाममा जारी भएको देखिन्छ । यसको अलाबा उक्त मालबस्तु आफ्नो एजेन्ट मार्फत भन्सारबाट छुटाइएको होइन भन्ने पुनरावेदकको जिकिरलाई पुष्टी गर्ने पुख्ता प्रमाण समेत मिसिल सलग्न कागजातबाट देखिन आएन । तसर्थ उक्त प्रज्ञापनपत्र नं.२१०५३ बमोजिमको मालबस्तु करदाता अन्सार ब्रदर्शकै एजेन्ट मार्फत भन्सार महसूल तिरी चेकजाँच गराइ पैठारी भएकोमा विवाद गर्नु पर्ने अबस्था देखिन आएन ।

१३. यसरी पुनरावेदक करदाताकै नाममा सामान पैठारी भएको, पैठारी भएको सामान करदाता अन्सार ब्रदर्सकै एजेन्ट मार्फत भन्सार महसूल तिरी जाँचपास गरी लगेको भनी भन्सार कार्यालय, भैरहवाबाट लेखी आएको मिति २०७६/२/१ को पत्रबाट तथ्यगत तबरमा

पुष्टी भै रहेको देखिँदा सो प्रज्ञापनपत्र आफुले नभरेको, विवादित सामान आफूले नमगाएको एवं सामान समेत नबुझेको भन्ने पुनरावेदकको पुनरावेदन जिकिर  तथ्यपरक एवं कानून सम्मत मान्न मिल्ने देखिएन ।

१४. अतः माथी उल्लेखित आधार कारणबाट साविक करदाता सेवा कार्यालय ठमेल हाल आन्तरिक राजस्व कार्यालय ठमेलबाट स्थायी लेखा नं.३०००९१०८३ का करदाता श्री अन्सार ब्रदर्श को आ.ब.०७२/०७३ को आयकर तर्फ आयकर ऐन २०५८ को दफा ७(२)ख बमोजिम करयोग्य आयमा समावेश गर्ने गरी मिति २०७४/६/८ मा भएको निर्णय एवं सो निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५/२/१० मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।अरुमा तपसील बमोजिम गर्नू ।

<u>तपसील</u>

विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई फैसलाको जनाउ दिनू।.........१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू।......................२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।................. ३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-
विश्वराज कुइकेल(शाखा अधिकृत)
इति सम्वत् २०७६ साल असार महिना ०९ गते रोज २ शुभम् .....................